नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

फोन नं. {

पत्र संख्याः-

चलानी नं.:-

सिंहदरबार,

काठमाडौं, नेपाल।

मिति : २०८२/१२/१६

## प्रेस विज्ञप्ति।

विद्यालय तहका विभिन्न कक्षा र उच्च शिक्षाका विभिन्न तहमा भर्ना प्रक्रिया प्रारम्भ हुनुभन्दा अगाडि भर्नालाई लक्षित गरी विभिन्न संस्थाहरूले प्रवेश परीक्षा तयारी (Entrance Preparation) कक्षा एवम् ब्रिज कोर्सका नाममा कार्यक्रमहरू सञ्चालन गर्दै आएको पाइएको छ। विद्यालय तहका यस्ता कार्यक्रमले विद्यार्थीको मनोविज्ञान तथा शिक्षामा समतामूलक पहुँचमा नकारात्मक प्रभाव पार्ने र विद्यार्थीका लागि अनावश्यक आर्थिक बोझसमेत पर्न जाने देखिन्छ।

तसर्थ, विद्यालय तहका विभिन्न कक्षामा भर्ना लक्षित प्रवेश परीक्षा तयारी (Entrance Preparation) कक्षा एवम् ब्रिज कोर्सका नाममा विभिन्न संस्थाहरूले सञ्चालन गर्दै आएका त्यस्ता कार्यक्रमहरू आगामी २०८३ साल वैशाख १ गतेदेखि पूर्ण रूपमा बन्द गर्नु गराउनुहुन सम्बन्धित सबैमा यो निर्देशन गरिएको छ। साथै, उच्च शिक्षाका विभिन्न तह लक्षित कार्यक्रमहरू प्रचलित कानुनबमोजिम सञ्चालन नभएको भए बन्द गर्नसमेत निर्देशन गरिन्छ।

निर्धारित कानुनी मापदण्ड अनुरूप त्यस्ता कार्यक्रमहरू सञ्चालन भए नभएको अनुगमन गरी प्रचलित कानुनबमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउनसमेत सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूलाई अनुरोध गरिन्छ।

....................

सहसचिव एवम् प्रवक्ता

(शिवकुमार सापकोटा)